# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०३/१०**

**छैटौं अधिवेशन**

**(उन्नाइसौं बैठक)**

## बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको उन्नाइसौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

हाम्रो बजेटको छलफल प्रारम्भ हुने भएकोले त्यसको शुरुवाद हुन बाँकी छ त्यस कारणले पहिलो दिनमा केहि आफ्ना कुराहर राख्नु पर्ने छ भने राखौला आजको बैठकलाई संचालन गर्नको लागि सहयोग गरिदिन हुन म अनुरोध गर्दछु । र आ-आफ्नो स्थानमा आसनग्रहण गरिदिन हुन म माननीय सदस्यहरुलाई अनुरोध गर्दछु ।

३. माननीय सदस्यहरु,

यो असहमतिको कुराहरु सभामुखलाई जानकारी नै भएको छैन के कारण हो बरु यसलाइ हामी छलफलमा टुङ्ग्याउला छलफल गरौला यो आजको पहिलो दिनको बैठक हो बजेट माथिको छलफल हुने यो बैठकलाई सुचारु रुपले संचालन गर्नको लागि म माननीय सदस्यहरुलाई आग्रह गर्दछु । आजको यो बैठकलाई संचालन गर्नको लागि, अगाडी बढाउनको लागि अनुरोध गर्दछु तपाइहरु आफ्नो स्थानमा आसन ग्रहण गरिदिनुहोस ।

४. माननीय सदस्यहरु,

यसको कारण थाहा भएको छैन त्यसो भएकोले कुनै एकजना माननीय सदस्यलाई आफ्ना धारणा राख्न अनुमति दिन्छु र बाँकी माननीय सदस्यहरुलाई आसन ग्रहण गरिदिन हुन अनुरोध गर्दछु ।

माननीय रण बहादुर रावल :- माननीय सभामुख महोदय, यो गम्भिर घडिमा एउटा साथ मैले भन्नु भन्दा अगाढी एउटा रिकर्ड यहा प्ले गर्न चाहान्छु सभामुख महोदय,

माननीय सभामुख महोदय यसको आसय के हो भन्दा खेरि एउटा सरकारको महत्वपूर्ण निकायले आज ९३ जना क्वारेन्टाइनमा भएकाहरुलाई आरडिटीबाट पोजेटिभ, पिसिआरबाट पोजेटिभ भएकाहरुलाई सरेयाम घरको होम क्वारेन्टाइनमा बसाउ भनेर आदेश दिइन्छ त्यसको रिकर्ड पनि

राख्नुहोस भनेर भनिन्छ भन्दाखेरि अहिले सुदूरपश्चिम होइन समग्र देश त्रायमान अवस्थामा भएको बेला माननीय सभामुख महोदय यो सरकार भएको नभएको उपस्थिति छैन । आज सुदूरपश्चिम मात्र होइन यस्तो कुना कुनामा जानु हुन्छ भने क्वारेन्टाइनको अवस्था दयनीय छ सरकारले यो गर्याछु, त्यो गर्याछु भनेर ठुलाठुला फलाकेता पनि जनताको पक्षमा एउटा पनि काम नगर्दा हामी संसदमा भएका जतिपनि माननीय सदस्यहरु जनताका प्रतिनिधी हौ । जनताको पक्षमा बोल्ने उनको सुरक्षाको हकमा, उनको स्वास्थ्यको हकमा बोल्नु पर्ने हुन्छ । आज खुलेआम क्वारेन्टाइनहरु कन्सर्टटेसन क्याम्पको रुपमा स्थापित भएका छन् । अनुगमन शुन्य छ। केवल स्थानीय सरकारहरुले केही गरेका छन् त्यसमा बल पुग्ने काम पनि प्रदेश सरकारबाट भएको छैन । केवल डेटाहरु मात्र दिएर हुदैन आज समग्र सुदूरपश्चिम भित्र भित्र संक्रमणको अवस्था आज टेष्ट छैन केही पनि छैन त्यसैले माननीय सभामुख महोदय यो अवस्थामा हामी योजना बनाउला २०७४ साल देखि अहिले ७७-७८ को यो चौथो योजना बन्दै छ योजना बन्ने तर जनताको पक्षमा काम नहुने, योजना बन्ने केवल भ्रष्टाचारलाई प्रश्रय दिने, योजना बन्ने केही व्यक्तिहरुलाई प्रश्रय दिने यो खालले आज संघीयता देखि लिएर तमाम कुराहरु यो सरकारले जति पनि गरेकार विभिन्न ठाउँहरुमा स्वास्थ्यको क्षेत्रमा किन नहोस, एम्बुलेन्स खरिदमा किन नहोस, अल्ट्रासाउण्डको केशमा किन नहोस तमाम कुराहरुमा अहले त कोरोनाको नाममा झण्डै झण्डै ५७ करोड खर्च भैसकेको हामीले बुझेका छौ । झण्डै झण्डै १० अरब केन्द्रको त्यस मध्यको ३६ करोड यहा आएको भन्ने बुझिएको छ त्यसमध्य कहा के खर्च भो त्यो पनि प्रष्ट नआउने आज पिसिआर मेशिन एउटा स्थापना हुन नसक्ने, आज यत्रो त्रायमान भएको सुदूरपश्चिममा आज जनताहरु त्रायमान अवस्था छ । व्यवसायहरु त्रायमान अवस्था छन् उनले खाइ नखाइकन आज एउटा कन्ट्रिव्युसन गरेर एउटा उठाइ उठाइ एउटा पिसिआर डडेल्धुरामा स्थापना हुदैछ । यो अवस्था सृजना हुदा पनि यो सरकारको औचित्य के हो । भ्रष्टाचार बढाउने केवल सेलिब्रेटीक रुपमा रेडियो टेलिभिजनमा देखिने उहाहरुको अधिकार हो राम्रो हो तर जनताको पक्षमा शुन्य बराबरको काम छ । स्थानीय सरकारहरु नभएको भए त हालत खराब भैसक्थ्यो तत्पश्चात हामी मौन फट्केकिनाराको साक्षी भएर बस्नु पर्थ्यो माननीय सभामुख महोदय यस अवस्थामा यो भ्रष्टाचारलाइ विशेष गरि कोरोनामैत्री यो सरकारले योजना ल्याउन सकेको छैन । ५३ जना सभासदहरुलाइ नै बारम्बार धोका दिने काम गरिराखेको छ । एउटा संविधान प्रदेश सभाका काम के हो भने पछि विधान बनाउने हो ऐन कानून पहिलो प्राथमिकतामा हो बनाउने । सभामुख महोदय तर सम्मान गर्न नसके पनि अपमान त गर्नु भएन नि के यो मन्त्रीपरिषद्ले मात्रै सबै कुरा अधिकार छ भने गरोस न किन यहा चाहि ल्याउनु पर्यो संसदमा किन यो नाटक मञ्चन गर्नु पर्यो । संविधानमा सबै अधिकार छदैछ यो प्रदेशको मन्त्रीपरिषद्लाइ छ वा माननीय मुख्यमन्त्रीलाई छ भने सबै निर्णय त्यहीबाट गरेर कार्यान्वयन गरोस यो प्रदेश सभालाइ एउटा महाशाखाको रुपमा शाखाको

रुपमा हेर्ने जुन दृष्टिकोण छ यसले संघीयतामा पनि प्रश्नचिन्ह खडा गरेको छ माननीय सभामुख महोदय यही कारणले गर्दा यो सरकार जब सम्म सच्चीदैन जब सम्म सरकारले विभिन्न समयमा यो प्रदेश सभामा उठेका कुराहरुको सन्दर्भमा भ्रष्टाचारका कुराहरुमा, जो कोरोनामा अहिले ५७ करोड र ३६ करोडको हिसाब प्रष्ट आउदैन तब सम्म यो सदन चल्नमा हामी सहयोग गर्नेवाला छैनौ क्षमा दिनुहोला धन्यवाद ।

५. माननीय सदस्यहरु,

आजको बैठक संचालन हुन सकेन र अर्को बैठक मिति २०७७ साल आषाढ १२ गते शुक्रबार बिहान ०८:०० बजे हुने गरि आजको बैठक स्थगित भएको घोषणा गर्दछु ।